SANCHARIKA SAMUHA
WOMEN COMMUNICATORS' FORUM

Sancharika Samuha
FORUM OF WOMEN JOURNALISTS AND COMMUNICATORS
Promoting Communication for Equality

## प्रेस विज्ञप्ति

### महिलामाथि निरन्तर हिंसा

ललितपुर ३२ असार २०७१ - सञ्चारिका समूह नेपालले गरेको सञ्चार अनुगमनले नेपालमा महिलामाथि हुने हिंसामा कमी नआएको देखाएको छ । समूहले १८ चैत २०७० देखि १६ असार २०७१ (१ एप्रिलदेखि ३० जून २०१४) सम्म गरेको १५ वटा राष्ट्रिय दैनिकको अनुगमनले सो तीन महिनामा बलात्कारसम्बन्धी १९४ वटा समाचार, विचार तथा सम्पादकीय प्रकाशित भएको र ७५ वटा बलात्कारका घटना भएको देखाएको छ ।

महिलामाथि हुने विभिन्न प्रकारका हिंसालाई १३ वटा शीर्षकमा वर्गीकरण गरिएको थियो । तीमध्ये बलात्कार, यौन दुर्व्यवहार, घरेलु हिंसा, दाइजो, मानव बेचविखन, हत्या, बहुविवाह, बोक्सी, परम्परागत तथा धार्मिक हिंसा, आर्थिक, स्वास्थ्यसम्बन्धी, राजनीतिक र अन्य पर्दछन् ।

सम्प्रेषणका आधारमा महिलाको स्वास्थ्यअधिकारको हनन् भएका ११४ समाचार, विचार तथा सम्पादकीय प्रकाशित भए भने घटनाको संख्या २३ थिए । त्यसैगरी तेस्रो स्थान मानव बेचविखनले लिएको छ जसमा १०५ समाचार, विचार तथा सम्पादकीय प्रकाशित थिए र घटनाको संख्या २७ थिए ।

परम्परागत र धार्मिक हिंसाका १०३ समाचार, विचार तथा सम्पादकीय छापिएका छन् भने १७ वटा घटना भएका थिए । सोही अध्ययनले महिलामाथि हुने घरेलु हिंसासँग सम्बन्धित ३० वटा घटनाबारे ७४ वटा समाचार, विचार तथा सम्पादकीय छापिए ।

तीन महिनामा १७ जना महिलाको हत्या भएको थियो । हत्यासँग सम्बन्धित ४५ वटा समाचार, विचार तथा सम्पादकीय छापिएका थिए । यसले नेपालमा महिला असुरक्षित रहेको पुष्टि गर्दछ । त्यस्तै दाइजोका कारणले हुने १२ वटा घटना भएको थियो । दाइजोसँग सम्बन्धित ४७ समाचार, विचार तथा सम्पादकीय प्रकाशित थिए ।

स्थानको हिसावले महिला हिंसासम्बन्धी सबैभन्दा बढी समाचार भित्री पृष्ठमा छापिएका थिए । पहिलो पृष्ठमा ७२ वटा समाचार छापिएका थिए । धेरै समाचारलाई सानो ठाउँ दिइएको थियो । समाचारका फलोअप (निरन्तरता) भने त्यति देखिएन । फलोअप गरिएका समाचारमध्ये सबैभन्दा बढी बलात्कारका ६, हत्याका ५, र घरेलु हिंसाका ४ वटा थिए ।

समाचारमा उल्लेख भएअनुसार महिलामाथि हिंसा गर्नेमा सबैभन्दा बढी परिवारका सदस्य भन्नेमा (१५६), छिमेकी (७१), राज्य (३५), उल्लेख नभएका (३२) र अन्य भन्नेमा (१६०) वटा समाचार भएको देखाएको छ । सो अवधिमा महिला हिंसासम्बन्धी सम्पादकीय ८, फोटो समाचार १३, लेख १२८, सफ्ट न्यूज १४३ तथा हार्ड न्यूज ७७३ वटा प्रकाशित भएका थिए । प्रकाशित हार्ड न्यूजमध्ये १३७ र सफ्ट न्यूज ७८ वटामा मात्र फोटो/स्केच प्रयोग भएको थियो ।

समग्रमा ती सञ्चारमाध्यमले महिला हिंसासम्बन्धी समाचारलाई बढ्दो रुपमा प्राथमिकतामा राखी प्रकाशित गरेको पाइएको छ । यद्यपि फलोअप, सफ्ट न्यूजमा फोटोको प्रयोग, हिंसा गर्ने व्यक्तिको भनाइ, विद्यमान कानुनी प्रावधानसम्बन्धी जानकारी भने अझै अपुग देखिन्छ ।

सो सञ्चार अनुगमनमा राजधानीबाट प्रकाशित कान्तिपुर, नागरिक, नयाँ पत्रिका, गोरखापत्र, हिमालय टाइम्स्, कारोबार, राजधानी, अन्नपूर्ण पोष्ट, नेपाल समाचारपत्र, कमाण्डर पोष्ट, र सौर्य नेपाली दैनिक तथा द काठमाण्डु पोष्ट, रिपब्लिका, द हिमालयन टाइम्स, र द राइजिङ नेपाल अंग्रेजी दैनिक समेटिएको थियो ।

सञ्चारिका समूहले आम सञ्चारमाध्यममा महिला हिंसाका समाचारले कस्तो प्राथमिकता पाइरहेका छन् र हिंसा कम गर्न पत्रकारले कसरी समाचार, विचार सम्प्रेषण गर्नु पर्दछ भनी सुझाव दिने उद्देश्यले विगत १ दशकदेखि निरन्तर रुपमा सञ्चार अनुगमन गर्दै आएको छ ।

रामशरण सेढाई
कार्यक्रम व्यवस्थापक
सञ्चारिका समूह
फोनः अफिसः ०१-५५५११८२/०१-५५३०१९२
मोवाइल नंः ९८५१०८७६१९
इमेलः ramsharan.sedhai@sancharika.org